# पाठ - 2

الدرس الثاني - نيبالي

## दोश्रो: तौहीदे उलूहियत,(पूज्यमा एकत्व)

توحيد الألوهية

अर्थात : यो विशवास राख्नु कि हरेक प्रकारको उपासना अराधना भक्ति र पूजापाठ मात्र एक अल्लाहको लागि गर्नु पर्छ, र उहाँको भक्ति र पूजापाठमा अरु कसैलाई साझेदार बनाउनु हुदैन, तौहीदको सबै प्रकारहरु मध्ये यही तौहीद सबैभन्दा उत्तम र अधिक महत्वपुर्ण छ, यसैको लागि अल्लाहले सम्पूर्ण मानवजाति र सृष्टिको रचना गर्नु भएको छ, अल्लाह तआलाले भन्नु भएको छ :

* وَمَا خَلَقْتُ الْجِنَّ وَالْإِنْسَ إِلَّا لِيَعْبُدُونِ * الذاريات: ٥٦

मैले जिन्न र मानिसहरुलाई मात्र आफ्नो उपासनाको लागि सृष्टि गरेका छौं । अल्लाहले यसैको लागि सन्देष्टाहरु पठाउनु भएका छन् र यसैका लागि ग्रन्थहरु पनि अवतरित गरेका छन्, ताकि सम्पूर्ण मानिसहरु मात्र एक अल्लाहको उपासना गरुन र अल्लाह बाहेक अरु सबै झूठा पूज्यहरु लाई त्यागुन, अल्लाह तआलाले भन्नु भएको छ :

* وَمَا أَرْسَلْنَا مِنْ قَبْلِكَ مِنْ رَسُولٍ إِلَّا نُوحِي إِلَيْهِ أَنَّهُ لَا إِلَهَ إِلَّا أَنَا فَاعْبُدُونِ * الأنبياء: ٢٥

जुन सन्देष्टाहरुलाई पनि हामीले तपाई भन्दा पहिले पठायौं, तिनीहरुलाई यही सन्देश दियौं कि म बाहेक कोही सत्य पूज्य छैन, तसर्थ तिमी सबै मेरो उपासना गर ।

जब सन्देष्टाहरुले यस तौहीद तर्फ बोलाउनु भयो त काफीर र मुशरिकहरुले नकारि दिए र एक अल्लाहको पूजा र उपासना गरेनन्,

त्यसै कारण तिनीहरु पथभ्रष्ट र क्षतिग्रस्त भए : अल्लाह तआलाले भन्नु हुन्छः

*قَالُوا أَجِئْتَنَا لِنَعْبُدَ اللَّهَ وَحْدَهُ وَنَذَرَ مَا كَانَ يَعْبُدُ آبَاؤُنَا * الأعراف:٧٠

तिनीहरुले भन्न थाले, के तपाई हामीतिर यस कारणले आउनुभएको छ कि हामी एउटै अल्लाहको पुजा गर्न थालौं र जसलाई हाम्रा पुर्वजहरुले पूजदै आएका छन तिनीहरुलाई छाडि दिऔं?

तसर्थ कुनै किसिमको उपासना अराधना भक्ति र पूजापाठ अल्लाह बाहेक अरु कसैको लागि कहिल्यै पनि जायज हुदैन, नत कुनै देवदुतको लागि, न कुनै सन्देष्टाको लागि, न कुनै ऋषि मुनीको लागि, न अरु कसैको लागि, किन भने उपासना चाहिं मात्र एउटै अल्लाहको लागि हुनु पर्छ ।